# मोहन्याल गाउँपालिका

## गर्भवती तथा सुत्केरी पोषण सहायता कार्यविधि, २०८०

**मोहन्याल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खिमडी, कैलाली**
**सुदूरपश्चिम,प्रदेश**

गाउँ कार्यपालिका बाट पारित मिति :-२०८०/०२/३१

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

क) यस कार्यविधिको नाम मोहन्याल गाउँपालिकाको गर्भवती तथा सुत्केरी पोषण सहायता कार्यविधि २०८० रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: <u>बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :</u>

क) अनुगमन समिति भन्नाले गाउँपालिकाले गठन गर्ने परिच्छेद (३), (ख) बमोजिमको समिति सम्झनुपर्छ ।

ख) निवेदन भन्नाले स्वास्थ्य संस्थाका आधिकारिक व्यक्तिको हस्ताक्षर भएको जन्म प्रमाण पत्र वा सम्बन्धित वडाको जन्म दर्ता प्रमाण पत्र सहितको कागजात सम्झनु पर्छ ।

ग) गाँउपालिका भन्नाले मोहन्याल गाँउपालिका सम्झनु पर्छ।

घ) स्वास्थ्य संस्था भन्नाले यस गाँउपालिका भित्र रहेका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य/आधारभुत स्वास्थ्य केन्द्र इकाई सम्झनु पर्छ ।

ङ) सुत्केरी आमा भन्नाले स्वास्थ्य संस्थामा आई सुत्केरी भएका तथा स्वास्थ्य संस्थागत बाहेकका ४५ दिन भित्रका सुत्केरी महिला सम्झनु पर्छ साथै संस्थागत सुत्केरी आमालाई पहिलो प्राथमिकतामा राखी सहायता गरिने छ ।

च) गर्भवती महिला भन्नाले स्वास्थ्य संस्थाले गर्भवती भनी प्रमाणित गरेको नियामानुसार गर्भवती जाँच गर्ने महिलालाई सम्झनुपर्छ ।

छ) लक्षित समूह भन्नाले चालु आ.व. भित्रका यस मोहन्याल गाँउपालिका अन्तरगत बसोबास गर्ने, साथै स्वास्थ्य संस्थामा चेकजाँच गर्ने, वा स्वास्थ्य संस्था / अस्पतालमा नियमानुसारका सबै गर्भवती चेकजाँच गर्ने र सुत्केरी भएका महिलाहरु सम्झनु पर्छ ।

## परिच्छेद २
## <u>रकम ब्यवस्थापन र भुक्तानी</u>

३ <u>रकम ब्यवस्थापन:</u> गाँउपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्दिष्ट गरे बमोजिम यस कार्यमा हुन सक्ने रकम अनुमान गरी वार्षिक रुपमा गाँउसभाले विनियोजन गरी रकमको ब्यवस्थापन गर्नेछ।

४ <u>भुक्तानी प्रकृया:</u>

क) आ.व. शुरु भए पछि (श्रावण १ गते पछी) गर्भवती तथा सुत्केरी भएका यस गाँउपालिकामा स्थायी बसोबास गर्ने महिलाहरुको सम्बन्धित स्वास्थ्य संस्थाले आवश्यक कार्वाही बमोजिम सुत्केरी तथा गर्भवती महिला आमा बाट पोषण सहायताका लागि रित पुर्वक निवेदन लिनुपर्नेछ ।

ख) स्वास्थ्य संस्थाले आगामी महिनामा प्रसुति हुन सक्ने महिलाहरुको संख्या तथा सुत्केरी भएको मितिले ४५ दिनका सुत्केरी आमाहरुको संख्या यकिन गरी आवश्यक अण्डा, मासु, फलफुल, घ्यू वा पोषण सामग्री प्याकेज खरिद गर्न वा सो बराबरको नगद रकम आदिको ब्यवस्थापन गर्नका लागी स्वास्थ्य शाखा वा स्वास्थ्य शाखाको सिफारिसमा गाँउपालिका समक्ष नियामानुसार पेश्की वा भुक्तानी रकम माग गर्न सक्नेछन् ।

ग) स्वास्थ्य संस्थाले नियमानुसार सुत्केरी आमाहरुको दिएको निवेदन बमोजिम प्रति गर्भवती तथा सुत्केरीलाई ३० गोटा / एक क्यारेट अण्डा, १ के.जी. मासु, आधा केजी घ्यू र १ के.जी. फलफुल वा एक थान पोषण सामग्री प्याकेज प्रदान गर्न सकिने छ, माथि उल्लिखत सामान उपलब्ध हुन नसकेमा मात्र सो बराबरको नगद रकम उपलब्ध गराउन सकिनेछ । उक्त पोषण प्याकेज वा नगद रकमको भरपाई अनुसूची १ बमोजिम हुनेछ ।

मोहन्याल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिमली, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प्रमाणित
२०८०/१२/३२

घ) विषेश परिस्थितिमा वाहेक सुत्केरी महिलालाई सुत्केरी भएको ७ सात दिन भित्र ३० गोटा / एक क्यारेट अण्डा, १ के.जी. मासु, आधा केजी घ्यू र १ के.जी. फलफुल वा एक थान पोषण सामग्री प्याकेज उपलब्ध गराइनेछ ।

ङ) स्वास्थ्य संस्थामा सुत्केरी नभएका महिलाहरुको हकमा गर्भवती अभिलेखको आधारमा स्वास्थ्य संस्थाको सुत्केरी भएको भन्ने व्यहोराको सिफारिश अनुसार ३० गोटा एक क्यारेट अण्डा, १केजी मासु , आधा केजी घ्यू र १केजी फलफुल वा पोषण सामग्री प्याकेज उपलब्ध गराइनेछ ।

च) गाँउपालिका स्वास्थ्य शाखाको सिफारिस सहित स्वास्थ्य संस्थाले पेश गरेको निवेदनका आधारमा भुक्तानी वा पेश्की दिने तथा बिल भरपाईका आधारमा पेश्की फछ्यौट गर्न सकिनेछ ।

छ) भौगोलिक विकटता दुरी टाढा भै स्वास्थ्य संस्था सुत्केरी हुन अप्ठ्यारोमा परेका गर्भवती महिलाहरुलाई संस्थागत सुत्केरी संख्या बढाउन प्रयोजन स्वरुप सुत्केरी हुने समय नजिकै खान बस्नको गर्भवती र सम्बन्धित कुरुवालाई समेत बढीमा पाँच दिन सम्म खानबस्नको समेत व्यवस्था गर्न सकिने छ ।

## परिच्छेद ३

## अनुगमन सम्बन्धी व्यवस्था

५. (क) रकम उपलब्ध गराउने तथा अभिलेख राख्ने :

- दफा (३) बमोजिम बिनियोजित रकम बाट खर्चहुने गरी स्वास्थ्य शाखाको सिफारिस सहित स्वास्थ्य संस्थाले निवेदनका आधारमा पेश्की दिएको तथा बिल भरपाइको आधारमा पेश्की फछ्यौट गरेको अभिलेख गाँउपालिकाको आर्थिक प्रशासन शाखाले राख्नेछ ।
- सेवा प्राप्त सुत्केरीहरुको विवरणको अभिलेख गाँउपालिकाको स्वास्थ्य शाखाले गर्नेछ ।
- पोषण सामग्री प्याकेज वितरण गर्दा सुत्केरी आमा लाइ पहिलो प्राथमिकता दिईने छ ।

(ख) अनुगमन समिति:

यस कार्यविधिमा उल्लेखित सबै प्रावधानहरु ठीक तरिकाले कार्यान्वयन भए नभएको बारे रेखदेख गर्न सम्बन्धित पक्षलाई सुझाव दिन र कार्यान्वयनमा सहयोग गर्न देहाय बमोजिमको अनुगमन समिति रहने छ यस समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।साथै अनुगमन समितिको आवश्यक खर्च भुक्तानी यसै शिर्षकबाट समेत गर्न सकिने छ ।

- गाउँपालिकाको उपाध्यक्ष – संयोजक
- सामाजिक विकास समितिको संयोजक – सदस्य
- प्रमुख प्रशासकीय अधिकृत – सदस्य
- कार्यपालिका सदस्य एकजना – सदस्य
- गाँउपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

## परिच्छेद ४

## अन्य व्यवस्था

६. कारवाही हुने :

यस कार्यविधि बिपरित कार्य गर्ने गराउने कुनैपनि ब्यक्ति समुहलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ गलत प्रमाण पेश गरी रकम भुक्तानी लिएको दिएको प्रमाणित भएमा उपलब्ध गराइएका रकम वा सामाग्री फिर्ता गराइनेछ वा आवश्यकता अनुसार कार्वाही गरिनेछ ।

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत

७. खारेजी र बचाउ :

(क) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ । साथै यो कार्यविधि लागू भए देखि यस अघि यसै कार्यविधि अनुकुल भएका कार्यहरु यस कार्यविधिले समेटेको हदसम्म यसै कार्यविधि बमोजिम भएको मानिनेछ । कार्यबिधि लागु भए पश्चात गाउँपालिका स्तरमा हुने पोषण सम्बन्धि कार्यहरु यसै कार्यविधि बमोजिम हुनेछन ।

(ख) यस कार्यविधिमा उल्लेख भएका प्रावधान प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म स्वतः अमान्य हुनेछन ।

(ग) यस कार्यविधिमा कुनै बाधा अड्काउ पर्न गएमा गाउँकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सकिने छ । साथै पोषण सम्बन्धि महत्वपूर्ण कार्य वा निर्णय गर्नु पर्ने भएको खण्डमा समिति को बहुमतको निर्णय स्वत मान्य हुनेछ ।

राज बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

### दफा ४ को उपदफा (ग) संग सम्बन्धित

स्वास्थ्य संस्थामा सुत्केरी भएका तथा गर्भवती भएका आमाहरुले बुझेको सामानहरुको भरपाई ।

<u>स्वास्थ्य संस्थाको नाम</u>

| [illegible] | सुत्केरी तथा गर्भवती भएका महिला को नाम | ठेगाना | चार पटक गर्भ जाँच गरेको /नगरेको | प्रोटोकल अनुसार को सुत्केरी जाँच गरेको/नगरेको | बुझिलिएको पोषण सामग्री प्याकेज वा नगद | बुझिलिनेको सही | बुझिलिने सम्पर्क नम्बर | बुझाउने स्वास्थ्यकर्मी को नाम | बुझाउने स्वास्थ्यकर्मी को सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

गाउँपालिका
कार्यपालिकाको कार्यालय
कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

राज बहादुर सार्की
प्रमुख प्रशासकीय अधिकृत